# स्थानीय राजपत्र

## घिरिङ गाउँपालिकाद्वारा प्रकाशित

खण्ड ४ संख्या ३५

स्वीकृत मितिः २०७८/११/१८
प्रमाणिकरण मितिः २०७८/११/२५
संशोधन मितिः २०८२/०४/०८

## भाग २

# घिरिङ गाउँपालिकाको लेखाजोखा केन्द्र सञ्चालन सम्बन्धि कार्यविधी २०७८ (संशोधन २०८२)

घिरिङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरीछाप, तनहुँ
गण्डकी प्रदेश, नेपाल

# घिरिङ गाउँपालिकाको लेखाजोखा केन्द्र सञ्चालन सम्बन्धी कार्यविधी २०७८

## प्रस्तावना :

अपाङ्गता भएको अपाङ्गता भएका व्यक्तिहरूको हक, हित र अधिकारको सम्वर्द्धन गर्दै विशेष शिक्षा, एकिकृत शिक्षा, समावेशी शिक्षा, अपाङ्गता भएका बालबालिकाको स्रोतकक्षा, अपाङ्गता छात्रवृत्ति वितरण प्रणाली आदिलाई व्यवस्थित गर्न वाञ्छनीय भएकोले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ पहिलो संशोधन २०७५ को दफा (२) को खण्ड ड, दफा (२०), (२१), (२२) र (२३), अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ को नियम (१६), (१७), (१८), (१९), (२०) र (२१) को अधिनमा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा (१०२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधी बनाइएको छ ।

## परिच्छेद १ : प्रारम्भिक

**दफा १. सक्षिप्त नाम र प्रारम्भ :**

(१) यस कार्यविधीको नाम लेखाजोखा केन्द्र सञ्चालनसम्बन्धी कार्यविधी, २०७८ हुनेछ ।

(२) यो कार्यविधी कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ ।

## परिच्छेद २ : परिभाषा र व्याख्या

**दफा २. अन्यथा जुनसुकै कुरा लेखिएको भएतापनि यस कार्यविधिमा**

क) "महासन्धी" भन्नाले अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धी UNCRPD सन् २००६ लाई सम्झनुर्पछ ।

ख) "ऐन" भन्नाले अपाङगता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४ को पहिलो संशोधन २०७५ समेतलाई सम्झनुपर्दछ ।

ग) "नियमावली" भन्नाले अपाङ्गता भएको व्यक्तिको अधिकार सम्बन्धी नियमावली, २०७७ लाई सम्झनुपर्दछ ।

घ) "गाउँसभा" भन्नाले घिरिङ गाउँपालिकाको गाउँसभालाई सम्झनुपर्दछ ।

ङ) "कार्यपालिका" भन्नाले घिरिङ गाउँपालिकाको कार्यपालिकालाई सम्झनुपर्दछ ।

च) "समिति" भन्नाले स्थानीय अपाङ्गता समन्वय समिति र लेखाजोखा केन्द्र सञ्चालन समिति घिरिङ गाउँपालिकालाई समेत सम्झनुपर्दछ ।

छ) "शिक्षक-अभिभावक संघ" भन्नाले हरेक विद्यालयमा गठन हुने शिक्षक अभिभावक संघलाई सम्झनुपर्दछ ।

ञ) "महासंघ" भन्नाले राष्ट्रिय अपाङ्ग महासंघ सम्झनुपर्नेछ ।

झ) "अपाङ्गता सहायता कक्ष" भन्नाले गाउँपालिकामा स्थापित अपाङ्गता सहायता कक्षलाई सम्झनुपर्दछ ।

## परिच्छेद ३ : लेखाजोखा केन्द्र सम्बन्धी व्यवस्था

**दफा ३. लेखाजोखा केन्द्रको स्थापना**

(१) देहायको प्रयोजनको लागि लेखाजोखा केन्द्रको स्थापना गरिने छ :

क) अपाङ्गता भएका विद्यार्थीहरूको छात्रवृत्ति वितरण प्रणालीलाई व्यवस्थित गर्न ।

ख) विशेष विद्यालय र स्रोत कक्षा स्थापनाको अवधारणा तयार गर्न ।

ग) अपाङ्गता भएका बालबालिका र शिक्षकका समस्या पहिचान गरी समाधानका उपाय अवलम्बन गर्न ।

घ) अपाङ्गता परिचय पत्र वितरणमा सहजीकरण गर्न, अपाङ्गता भएका व्यक्तिहरूको परिचय पत्रलाई घरदैलोमा वितरणको व्यवस्था गन

(२) लेखाजोखा केन्द्र यस गा.पा. अन्तर्गत शिक्षा, युवा तथा खेलकुद शाखाको अन्तर्गत रहने छ ।

**दफा ४. लेखाजोखा केन्द्र सञ्चालन समिति सम्बन्धी व्यवस्था:**

लेखाजोखा केन्द्र सञ्चालन समितिमा देहाय बमोजिमका सदस्य रहनेछ:

क) गाउँपालिकाको उपाध्यक्ष - संयोजक

ख) शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख - सदस्य

ग) स्वास्थ्य शाखाको संयोजक - सदस्य

घ) अपाङ्गता सम्बन्धी काम गर्ने संघ/संस्थाका प्रमुख वा निजले तोकेको अपाङ्गता भएका व्यक्ति - सदस्य

ङ) विद्यालयका प्रधानाध्यापकहरू मध्येबाट गाउँपालिकाको अध्यक्षले मनोनित गरेको व्यक्ति - सदस्य

च) अपाङ्गता सहायता कक्ष सञ्चालन गर्ने कर्मचारी - सदस्य

छ) लेखाजोखा केन्दको प्रमुख - सदस्य सचिव

**दफा ५. खटाउन सक्ने**

१) गाउँ कार्यपालिकाले विद्यालयमा कार्यरत अपाङ्ग शिक्षकहरू मध्यबाट लेखाजोखा केन्द्रको समेत कामकाज गर्ने गरी खटाउन सक्नेछ । यसरी कामकाजमा खटाउँदा विद्यालयको को कक्षा लिन छुट हुने छैन, निज

शिक्षकलाई कार्यपालिकाले तोके बमोजिमको दरले भत्ता दिन सकिने छ ।

२) कार्यपालिकाको निर्णय अनुसार प्रमुख प्रशासकिय अधिकृतले सम्बन्धित अपाङ्गता भएका शिक्षकलाई लेखाजोखा केन्द्रमा कामकाज गर्ने जिम्मा दिन सक्नेछ ।

**दफा ६. लेखाजोखा केन्द्रको काममा खटिएको शिक्षकलाई सहुलियत :**

क) जुन विद्यालयमा कार्यरत शिक्षकलाई लेखाजोखा केन्द्रको काम गर्ने जिम्मेवारी दिइएको हो सो विद्यालायलाई शिक्षण सम्बन्धी कार्यबोझ कम गर्न अनुरोध गरिने छ ।

**दफा ७. लेखाजोखा केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार**

(१) लेखाजोखा केन्द्र प्रमुखको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क) छात्रवृत्ति वितरण गर्ने क्रममा अपाङ्गता भएका बालबालिकाको परिचय पत्र विद्यालयको सिफारिस आदि सङ्कलन गरी विद्यार्थी मूल्याङ्कन तथा लेखाजोखा प्राविधिक समितिमा निर्णयको लागि पेश गर्ने ।

ख) ब्रेल लिपी, साङ्केतिक भाषा प्रवर्द्धनबाट गाउँ कार्यपालिकालाई लेखाजोखा समिति र अपाङ्गता समन्वय समिति मार्फत आवश्यक सुझाव दिने ।

ग) विद्यार्थी भर्ना अभियान अन्तर्गत अपाङ्गता भएका बालबालिकाको भर्ना अभियानलाई व्यवस्थित गर्ने ।

घ) अपाङ्गता छात्रवृत्ति लगायत विद्यालयले गर्नुपर्ने अपाङ्गता प्रतिको दायित्वबारे स्थलगत अवलोकन गरी विद्यालयलाई सहयोग गर्ने ।

ङ) ब्रेल लिपीका पाठ्यपुस्तक, ब्रेल पेपर, स्लेट, स्टालस, साङ्केतिक भाषा शब्दकोष आदिको उपलब्धता बारे समन्वय गर्ने ।

च) अपाङ्गता सहायता कर्मचारीसँग आवश्यक समन्वय र सहयोग आदान प्रदान गर्ने ।

छ) छात्रवृत्ति वितरणको लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

ज) विशेष विद्यालय, एकिकृत विद्यालय, अपाङ्गता स्रोत कक्षा आदि स्थापना गर्नको लागि अवधारणा तयार गर्न सहयोग गर्ने ।

झ) शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको निर्देशनमा रही अन्य कामकाज गर्ने ।

## परिच्छेद ४ : बैठक सम्बन्धी व्यवस्था

**दफा ८. विद्यार्थी मूल्याङ्कन तथा लेखाजोखा समितिको बैठक सम्बन्धी व्यवस्थाः**

समितिको बैठक संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउने छ।

(१) बैठकमा अपाङ्ग सदस्य सहित बहुमत सदस्य उपस्थित भएमा बैठकको गणपुरक संख्या पुगेको मानिने छ।

(२) समितिको बैठक वर्षको कम्तिमा ३ पटक बस्ने छ।

(३) समितिको बैठकमा उपस्थित समिति सदस्य र आवश्यकता अनुसार बोलाइएका आमन्त्रित पदाधिकारी तथा सदस्यहरूलाई नियम अनुसार बैठक भत्ता उपलब्ध गराइने छ।

## परिच्छेद ५: अपाङ्गता भएका बालबालिकाको अपाङ्गताको प्रारम्भिक पहिचानसम्बन्धी व्यवस्था :

**दफा ९.अपाङ्गताको प्रारम्भिक पहिचानः**

(१) अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक पहिचान गर्दा अपाङ्गता अधिकार ऐन, अपाङ्गता अधिकार सम्बन्धी अन्तराष्ट्रिय महासन्धी, अपाङ्गता अधिकार नियमावली, राष्ट्रिय अपाङ्ग महासङ्घले तोकेको मापदण्ड समेतलाई आधार मानी अपाङ्गता पहिचानको सूचक निर्धारण गरिने छ।

(२) अपाङ्गता भएका बालबालिकाको प्रारम्भिक अपाङ्गता पहिचानका लागि सम्बन्धित विद्यालयले अनुसूची ५ बमोजिमको सरलीकृत सूचकको आधारमा प्रक्रिया अवलम्बन गर्नुपर्नेछ।

(३) अपाङ्गताको प्रारम्भिक पहिचानमा कुनै दुविधा उत्पन्न भएमा लेखाजोखा केन्द्र प्रमुखसँग समन्वय गर्नु सम्बन्धित विद्यालयको दायित्व हुनेछ।

(४) अपाङ्गताको प्रारम्भिक पहिचानका लागि सम्बन्धित विद्यालयलाई सहजीकरण गर्नु लेखाजोखा केन्द्र प्रमुखको दायित्व हुनेछ।

## परिच्छेद ६ : अपाङ्गता छात्रवृत्ति वितरण प्रक्रिया

**दफा १० अपाङ्गता छात्रवृत्ति वितरणका आधार**

(१) यस पालिकाभित्र अध्ययनरत रहेका अपाङ्गता भएका विद्यार्थीहरूलाई संघीय सरकार शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यविधिले तोकेअनुसार अपाङ्गता छात्रवृत्ति उपलब्ध गराइने छ।

(२) अपाङ्गता छात्रवृत्तिलाई आवासीय र गैरआवासीय गरी २ तरिकाले वितरण

गरिने छ ।

(३) अपाङ्गता छात्रवृत्ति प्राप्तिका लागि सम्वन्धित विद्यालय र विद्यार्थीले निम्न कागजातहरू पेश गर्नुपर्नेछ

(क) सम्वन्धित विद्यार्थीले आवासीय भए अनुसूची १ र गैर आवासीय भए अनुसूची २ बमोजिमको छात्रवृति माग सम्वन्धी निवेदनको फाराम

(ख) सम्वन्धित विद्यालयको आवासीय छात्रवृत्ति भए अनुसूची ३ र गैरआवासीय छात्रवृत्ति भए अनुसूची ४ बमोजिमको सिफारिसको ढाँचाको फाराम

(ग) आवासीय अपाङ्गता छात्रवृत्ति अन्तर्गत डेरा गरी बस्ने अपाङ्ग भएका विद्यार्थीको हकमा छात्रवृत्ति प्राप्तिका लागि घरबाहाल सम्झौता वा घर धनीलाई घरभाडा बुझाएको भरपाइ

(घ) आवासीय छात्रवृत्ति भए सम्वन्धित वडाले आवासीय अपाङ्गता छात्रवृत्तिका लागि योग्य ठहर गरेको वडाको सिफारिस पत्र ।

(ङ) आवासीय र गैरआवासीय दुवै प्रकारका छात्रवृत्तिका लागि सम्वन्धित अपाङ्गता भएका विद्यार्थीको अपाङ्गता परिचय पत्रको प्रतिलिपी ।

(च) यदि विद्यालयले सञ्चालन गरेको आवासमा बसेको अपाङ्गता भएको विद्यार्थीका हकमा सम्वन्धित अपाङ्गता भएको विद्यार्थी र सम्वन्धित विद्यालय विच भएको आवास सम्झौताको प्रतिलिपी र विद्यालयले अपाङ्गता भएका विद्यार्थीका लागि आवास सञ्चालन गर्ने सम्वन्धी विद्यालय व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी ।

(४) उपदफा ३ को आवासीय छात्रवृत्ति वितरण सम्वन्धी सम्वन्धित विद्यालयले सिफारिस गर्दा सम्वन्धित वडाको सिफारिसका आधारमा मात्र सिफारिस गर्नुपर्नेछ ।

(५) यस पालिकाका कुनै विद्यालयमा अध्ययन गरेको तर यस पालिकाका स्थायी बासिन्दा नभएको अवस्थामा समेत उपदफा ४ को व्यवस्था आकर्षिक हुनेछ ।

(६) उपदफा ३ को खण्ड घ अनुसार सम्वन्धित वडाले सिफारिस गर्दा सम्वन्धित विद्यालयको भर्ना/इमिसको अद्यावधिक अवस्थालाई समेत एकिन गर्नुपर्नेछ ।

**दफा ११. अपाङ्गता छात्रवृत्ति वितरणको आधार**

(१) अपाङ्गता छात्रवृत्ति वितरण गर्दा शैक्षिक उपस्थितिलाई प्रथम आधार र अपाङ्गताको गम्भीरता र प्रकृतिलाई दोस्रो आधार मानिने छ ।

**दफा १२. अपाङ्गता छात्रवृत्ति वितरणको निर्णय प्रक्रिया :**

(१) अपाङ्गता छात्रवृत्ति वितरण सम्वन्धी निर्णय गर्दा सम्वन्धित विद्यार्थीको निवेदन,

विद्यालयको सिफारिस, आवासीय हकमा वडाको समेत सिफारिस र अन्य आवश्यक कागजात सङ्कलन गर्ने दायित्व लेखाजोखा केन्द्र कर्मचारीको हुनेछ।

(२) उपदफा १ बमोजिम सङ्कलित कागजात तथा विवरणका आधारमा लेखाजोखा केन्द्र सञ्चालन समितिले बैठकमा पेश गरी उक्त बैठकले श्रेणी विभाजन गरी अपाङ्गता छात्रवृत्ति वितरणका लागि गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने निर्णय गर्नेछ।

(३) उपदफा २ बमोजिम अपाङ्गता छात्रवृत्ति वितरण सम्बन्धी भएको सिफारिसको निर्णय समितिको सदस्य सचिवले शिक्षा युवा तथा खेलकुद शाखा मार्फत कार्यपालिका समक्ष पेश गर्नेछ।

## अनुसूची १

### अपाङ्गता भएका विद्यार्थीहरूले आवासीय अपाङ्गता छात्रवृति प्राप्तिका लागि दिईने निवेदनको ढाँचा

यस घिरिङ गाउँपालिकाको .................................... विद्यालयमा अध्ययनरत अपाङ्गता भएको विद्यार्थी म ............................ उल्लेख गरी यो निवेदन पेश गरेको छु।

१. व्यक्तिगत विवरण :

क) नाम, थर : ..............................................

ख) स्थायी ठेगाना

ग) गा.पा./न.पा : .............................. वडा नं. : ...... टोल : ..................

घ) बुवाको नाम : ..............................................

ङ) आमाको नाम : ..............................................

च) अन्य संरक्षक भए, संरक्षकको नाम : ..............................

छ) सम्बन्धित अपाङ्गता भएका विद्यार्थीसँगको सम्बन्ध : ..............................

ज) अपाङ्गता परिचय पत्र नम्बर : ..............................

झ) अपाङ्गता परिचय पत्रको वर्ग : ☐ क ☐ ख ☐ ग ☐ घ

२. विद्यालय सम्बन्धी विवरण :

क) विद्यालयको नाम ..............................

ख) विद्यालय रहेको वडा नं. ..............................

३. अपाङ्गता सम्बन्धी विवरण :

क) अपाङ्गताको अवस्था : ☐ पुर्ण अशक्त अपाङ्गता ☐ अति अशक्त अपाङ्गता ☐ मध्येम अपाङ्गता ☐ सामान्य अपाङ्गता

ख) अपाङ्गताको प्रकार : ☐ शारीरिक अपाङ्गता ☐ दृष्टिसम्बन्धी अपाङ्गता ☐ सुनाइसम्बन्धी अपाङ्गता ☐ श्रवणदृष्टिविहीन ☐ स्वरबोलाइसम्बन्धी अपाङ्गता ☐ बौद्धिक अपाङ्गता ☐ मनोसामाजिक वा मानसिक अपाङ्गता ☐ अनुवांशिक रक्तश्राप/हेमोफेलिया ☐ बहुअपाङ्गता ☐ अटिज्म

४. क) सहायक सामग्री प्रयोग गर्नुपर्ने हो वा होइन ? ..............................

हो भने तलका मध्ये कुन सहायक सामग्री प्रयोग गर्नुहुन्छ ?

| | | |
|---|---|---|
| ☐ सेतो छडी | ☐ वैशाखी | ☐ ह्वीलचियर |
| ☐ श्रवणयन्त्र | ☐ क्यालिभेर | ☐ एल्बोकर्चेस |
| ☐ एल्बोस्टिक | ☐ विशेष प्रकारको जुत्ता | ☐ म्याग्नीफाइ ग्लस/चस्मा |
| ☐ डेजिप्लेयर | ☐ वाटर इन्डीकेटर | ☐ लाइट इन्डीकेटर |

५. क) डेरा गरी बस्ने घरधनीको नाम : ....................................

ख) डेरामा बसेको शुरुको मिति : ....................................

ग) घरधनीलाई तिर्ने घरभाडा रकम (मासिक) : ......................

घ) विद्यालयले सञ्चालन गरेको आवासमा बसेको भए, विद्यालयसँग आवास सम्झौता भएको शुरुको मिति : ....................................

ङ) डेरा वा आवासमा बस्नुको कारण :

☐ घरनजिकैको विद्यालय पहुँचयुक्त नभएको

☐ घरबाट आउजाउ गर्न कठिनाइ भएका

☐ बुबा आमा/संरक्षकको जागिर वा व्यवसाय

अन्य कुनै कारण भए खुलाउने : ............................................................

...................... ......................

निवेदकको हस्ताक्षर संरक्षकको हस्ताक्षर

## अनुसूची २

### अपाङ्गता भएका विद्यार्थीहरूले गैरआवासीय अपाङ्गता छात्रवृति प्राप्तिका लागि दिईने निवेदनको ढाँचा

यस घिरिङ गाउँपालिकाको .............................. विद्यालयमा अध्ययनरत अपाङ्गता भएको विद्यार्थी म ......................... ले शैक्षिक सत्र ...................... का लागि निम्न विवरणहरू उल्लेख गरी यो निवेदन पेश गरेको छु ।

१. व्यक्तिगत विवरण :

क) नाम, थर : ........................................................................

ख) स्थायी ठेगाना

ग) गा.पा./न.पा ...................... वडा नं. : ..... टोल : ......................

घ) बुवाको नाम : ....................................................................

ङ) आमाको नाम : ....................................................................

च) अन्य संरक्षक भए, संरक्षकको नाम : ..............................................

छ) सम्बन्धित अपाङ्गता भएका विद्यार्थीसँगको सम्बन्ध : ............................

ज) अपाङ्गता परिचय पत्र नम्बर: ..................................

झ) अपाङ्गता परिचय पत्रको वर्ग : ☐ क ☐ ख ☐ ग ☐ घ

२. विद्यालय सम्बन्धी विवरण :

क) विद्यालयको नाम : ........................................ कक्षा : ...........

ख) विद्यालय रहेको वडा नं. ..................टोल : ............................

३. अपाङ्गता सम्बन्धी विवरण :

क) अपाङ्गताको अवस्था : ☐ पूर्ण अशक्त अपाङ्गता ☐ अति अशक्त अपाङ्गता ☐ मध्येम अपाङ्गता ☐ सामान्य अपाङ्गता

ख) अपाङ्गताको प्रकार : ☐ शारीरिक अपाङ्गता ☐ दृष्टिसम्बन्धी अपाङ्गता ☐ सुनाइसम्बन्धी अपाङ्गता ☐ श्रवणदृष्टिविहीन ☐ स्वरबोलाइसम्बन्धी अपाङ्गता ☐ बौद्धिक अपाङ्गता ☐ मनोसामाजिक वा मानसिक अपाङ्गता ☐ अनुवांशिक रक्तश्राव/हेमोफेलिया ☐ बहुअपाङ्गता ☐ अटिज्म

४. क) सहायक सामग्री प्रयोग गर्नुपर्ने हो वा होइन ? ..............................

हो भने तलका मध्ये कुन सहायक सामग्री प्रयोग गर्नुहुन्छ ?

| | | |
|---|---|---|
| ☐ सेतो छडी | ☐ वैशाखी | ☐ ह्वीलचियर |
| ☐ श्रवणयन्त्र | ☐ क्यालिभर | ☐ एल्बोकर्चेस |
| ☐ एल्बोस्टिक | ☐ विशेष प्रकारको जुत्ता | ☐ म्याग्नीफाइ ग्लास/चस्मा |
| ☐ डेजिप्लेयर | ☐ वाटर इन्डीकेटर | ☐ लाइट इन्डीकेटर |

.............................. ..............................

निवेदकको हस्ताक्षर संरक्षकको हस्ताक्षर

## अनुसूची ३

अपाङ्गता भएका विद्यार्थीको आवासीय अपाङ्गता छात्रवृत्ति प्राप्तिका लागि सम्बन्धित विद्यालयले गर्ने सिफारिसको ढाँचा

मिति : ............................

श्री संयोजकज्यू
घिरिङ गाउँपालिका
लेखाजोखा केन्द्र सञ्चालन समिति
घिरिङ गा.पा. कार्यालय, पोखरीछाप, तनहुँ

विषय : सिफारिस सम्बन्धमा

प्रस्तुत विषयमा यस विद्यालयको कक्षा ............... मा अध्ययनरत इमिस कोड नं. .....................र रोल नं. ............ को विद्यार्थी पूर्ण अशक्त/अति अशक्त/मध्येम अपाङ्गता/सामान्य अपाङ्गताको अवस्थाका साथै प्रकृतिका आधारमा

(ख) अपाङ्गताको प्रकार : ☐ शारीरिक अपाङ्गता ☐ दृष्टिसम्बन्धी अपाङ्गता
☐ सुनाइसम्बन्धी अपाङ्गता
☐ श्रवणदृष्टिविहीन
☐ स्वरबोलाइसम्बन्धी अपाङ्गता
☐ बौद्धिक अपाङ्गता
☐ मनोसामाजिक वा मानसिक अपाङ्गता
☐ अनुवांशिक रक्तश्राव/हेमोफेलिया
☐ बहुअपाङ्गता

भएको र निज विद्यार्थी ........................... को घरमा/विद्यालयले सञ्चालन गरेको आवास/स्रोत कक्षामा डेरा गरी बसेको व्यहोराको निवेदन प्राप्त भएकोले निज विद्यार्थीलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधिका आधारमा शैक्षिक सत्र ......................... मा प्रदान गरिने आवासीय अपाङ्गता छात्रवृत्ति उपलब्ध गराइदिनुहुन सिफारिस गरिन्छ ।

............................ ............................

विद्यालयको छाप प्रधानाध्यापक

## अनुसूची ४

अपाङ्गता भएका विद्यार्थीको गैरआवासीय अपाङ्गता छात्रवृत्ति प्राप्तिका लागि सम्बन्धित विद्यालयले गर्ने सिफारिसको ढांचा

मिति : ..............................

श्री संयोजकज्य
घिरिङ गाउँपालिका
लेखाजोखा केन्द्र सञ्चालन समिति
घिरिङ गा.पा. कार्यालय, पोखरीछाप, तनहु

विषय : सिफारिस सम्वन्धमा

प्रस्तुत विषयमा यस विद्यालयको कक्षा .................... मा अध्ययनरत इमिस कोड नं. ............ र रोल नं. ................. को विद्यार्थी पूर्ण अशक्त/अति अशक्त/मध्येम अपाङ्गता/सामान्य अपाङ्गताको अवस्थाका साथै प्रकृतिका आधारमा

ख) अपाङ्गताको प्रकार : ☐ शारीरिक अपाङ्गता ☐ दृष्टिसम्वन्धी अपाङ्गता
☐ सुनाइसम्वन्धी अपाङ्गता ☐ श्रवणदृष्टिविहीन
☐ स्वरवोलाइसम्वन्धी अपाङ्गता
☐ बौद्धिक अपाङ्गता
☐ मनोसामाजिक वा मानसिक अपाङ्गता
☐ अनुवाशिक रक्तश्राव/हेमोफेलिया
☐ वहुअपाङ्गता

भएको र निज विद्यार्थीले अनुसूची २ बमोजिमको ढाँचामा निवेदन दिएकोले निज विद्यार्थीलाई शिक्षा तथा मानव स्रोत विकास केन्द्रको कार्यक्रम कार्यान्वयन कार्यविधिका आधारमा शैक्षिक सत्र ............ मा प्रदान गरिने अपाङ्गता छात्रवृत्ति उपलब्ध गराइदिनुहुन सिफारिस गरिन्छ।

............................ ............................
विद्यालयको छाप प्रधानाध्यापक

## अनुसूची ५

अपाङ्गताको प्रारम्भिक पहिचानका लागि निर्धारित सूचकहरू :

**१. शारीरिक अपाङ्गता**

क) हातको चोरी वा बुढीऔंला नभएको ।

ख) पैताला फर्केको ।

ग) मेरुदण्ड पक्षघात भएको ।

घ) कुमदेखि माथि वा मुनि नभएको ।

ङ) गोडा नभएको ।

**२. दृष्टिसम्बन्धी अपाङ्गता :**

क) रुप, रङ वा आकृतिको ज्ञान नभएको ।

ख) अँध्यारो-उज्यालो छुट्याउन नसक्ने ।

ग) छापा अक्षर पढ्न नसक्ने ।

घ) चस्माको प्रयोग गर्नुपर्ने अवस्था ।

ङ) हिँड्डुल-गर्न सेतो छडी प्रयोग गर्नु पर्ने अवस्था ।

**३. सुनाइ सम्बन्धी अपाङ्गता :**

क) श्रवण यन्त्रको प्रयोग गर्नु पर्ने अवस्था ।

ख) ठूलो आवाज अथवा ६० देखि ६९ डेसीबलसम्मको आवाज सुन्न र बुझ्न नसक्ने अवस्था ।

ग) सञ्चारका लागि साङ्केति भाषा वा क्यप्सनिङ वा दुवै प्रयोग गर्नु पर्ने अवस्था ।

घ) ६५ देखि ८० वा सो भन्दा माथिको डेसीबलको ध्वनी सुन्न समेत नसक्ने अवस्था ।

**४. श्रवण दृष्टिविहीन अपाङ्गता**

क) दुवै आँखाले उज्यालो-अँध्यारो छुट्याउन नसक्नु र दुवै कानले ७० डेसीबलभन्दा माथिको ध्वनी सुन्न नसक्नु ।

ख) दुवै आँखाले कुनै पनि वस्तुको आकार, प्रकार, रङ, आकृति देख्न र दुवै कानले कुनै पनि आवाज सुन्न र बुझ्न नसक्नु ।

ग) दुवै कानले कुनै पनि आवाज सुन्न नसक्ने वा दुवै आँखाले २० फिट दुरीबाट हातको औंला छुट्याउन वा स्नेलेन चार्टको चौथो लाइनको अक्षर ६/१८ पढ्न नसक्ने ।

घ) ठूलो स्वरमा बोलेको आवाज सुन्न र दुवै आँखाले नजिकबाट चिजबिचहरू देख्न नसक्ने र बोल्न नसक्ने ।

**५. स्वरबोलाइ सम्बन्धी अपाङ्गता :**

क) बोल्दा शब्दहरू बारम्बार दोहोरिने, रोकिने ।

ख) बोल्दा धेरै भकभकाउने वा सामान्यभन्दा धेरै अड्किने ।

ग) ओठ तालु फाटेको कारणले बोल्न धेरै कठिनाइ हुने ।

घ) कानले राम्रोसँग सुन्ने र बुझ्ने तर कुनै कारणले बोली नआउने ।

**६. मनोसामाजिक वा मानसिक अपाङ्गता :**

क) मनोसामाजिक वा मानसिक स्वास्थ्य समस्याका कारण स्वहेरचाह गर्न नसक्ने अवस्था ।

ख) मनोसामाजिक वा मानसिक कारणले दैनिक व्यवहार गर्न नसक्ने ।

ग) मनोसामाजिक वा मानसिक कारणले दैनिक काम व्यवहार गर्न अरुको निरन्तर सहयोग चाहिने ।

घ) निरन्तर औषधी वा सघन मनोसामाजिक सहायता निरन्तर चाहिने ।

(ङ) दैनिक क्रियाकलाप गर्न धेरै कठिन हुने ।

**७. बौद्धिक अपाङ्गता :**

क) IQ को स्कोर ० देखि ४० सम्म भएको ।

ख) आफ्नो उमेरको अरु साथीको तुलनामा नयाँ कुरा पटक्कै सिक्न नसक्ने ।

ग) आफ्नो उमेर समुहका अन्य व्यक्तिको तुलनामा सिकेका कुरा पटक्कै सम्झन नसक्ने ।

घ) दैनिक क्रियाकलापहरू गर्न सधैं अरुको सहयोग चाहिने ।

ङ) कुनै काम वा खेलमा ध्यान केन्द्रित गर्न कठिनाइ हुने ।

**८. अनुवंशीय रक्तश्राव (हेमोफेलिया) सम्बन्धी अपाङ्गता**

क) हेमोफेलियाका कारण अङ्गहरू चलाउन, शरीर हलचल गराउन पटक्कै नसक्ने ।

ख) फ्याक्टरको उपस्थिति १% भन्दा कम भएको ।

ग) अत्याधिक रक्तश्रावका कारण जोर्नीहरू अध्याधिक कमजोर भएर हिंडुल गर्न नसक्ने ।

घ) हेमोफेलियाका कारण वैशाखी, ह्विलचियर जस्ता सहायक सामग्री प्रयोग गर्नुपर्ने ।

**९. अटिजम सम्बन्धी अपाङ्गता**

क) तन्तु वा प्रणालीमा आएको समस्याका कारण बोलेर सञ्चार गर्न नसक्ने, भाषा सिक्न नसक्ने, सामाजिक सञ्चार ज्यादै कमजोर भएको ।

ख) कुनै प्रतिक्रिया नजनाउने, अरुसँग घुलमिल हुन पटक्कै नसक्ने ।
ग) एउटै क्रियाकलाप दोहोऱ्याइ रहने ।
घ) दैनिक क्रियाकलाप स्वयम्ले गर्न नसक्ने ।
ङ) अपरिचित व्यक्तिसँग सञ्चार गर्ने क्षमता एकदमै कम भएको ।
च) समान उमेरको अन्य व्यक्तिको तुलनामा सिकाइमा धेरै कठिनाई हुने ।

**१०. बहुअपाङ्गता :**

क) माथि उल्लेखित अपाङ्गतामध्ये श्रवाण दृष्टिविहीनताको अवस्था बाहेक कुनै दुई वा सो भन्दा बढी प्रकारको अपाङ्गताको अवस्थाको मिश्रण भएको ।
ख) हिडडुल, हातको प्रयोग, बौद्धिक कार्य वा इन्द्रीय सम्बन्धी कार्य लगायतका दुई वा दुईभन्दा बढी क्षेत्रमा कडी कठिनाइ भएको ।
ग) बहुअपाङ्गताको कारण सहयोगीको सहयोग लिएर पनि दैनिक जीवनका क्रियाकलाप सम्पादन गर्न पटक्कै नसक्ने वा निरन्तर स्याहार र हेरचाह आवश्यक पर्ने ।

आज्ञाले
रामप्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत